# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम चिया बगानमा कार्यरत श्रमिकको न्यूनतम पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| न्यूनतम पारिश्रमिक | २०७७ साउन १ देखि लागू हुने गरी | | | २०७८ साउन १ देखि लागू हुने गरी | | |
|---|---|---|---|---|---|---|
| | आधारभूत पारिश्रमिक | महङ्गी भत्ता | जम्मा रु. | आधारभूत पारिश्रमिक | महङ्गी भत्ता | जम्मा रु. |
| मासिक रु. | ७,२४९/- | ४,३१२/- | ११,५६१/- | ७,७६९/- | ४,३१२/- | १२,०८१/- |
| दैनिक रु. | २६१/- | १५४/- | ४१५/- | २८१/- | १५४/- | ४३५/- |
| प्रति घण्टा रु. | ३५/- | २०/- | ५५/- | ३७/- | २०/- | ५७/- |
| चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक, चिया बगानका सरदार, नाइके र चौकीदारको समेत दैनिक भत्ता | - | - | ५५/- | - | - | ५५/- |

द्रष्टव्यः

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानूनबमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधा प्रदान गर्नु पर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्न अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्न सक्नेछन् ।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कुनै रोजगार सम्झौता गर्न पाईने छैन ।

४. खण्ड ६८, सङ्ख्या २० मिति २०७५।४।३१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**
**सूर्यप्रसाद गौतम**
**नेपाल सरकारको सचिव ।**